# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण ३० गते २०१८ साल

श्री ५ को सरकार

### अर्थ, आर्थिक कार्य बिषय मन्त्रालयको सूचना

श्री माननीय अर्थ, आर्थिक कार्य विषयमन्त्रीज्यूले आर्थिक वर्ष २०१८।१९ को अनुमानित आर्थिक विवरणको सम्बन्धमा सम्वत् २०१८ साल श्रावण ३० गते दिनुभएको वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

१. यो आर्थिक वर्षको बजेटको विशेषता संयमशीलता र मितव्ययिता हो। २००७ सालको क्रान्तिपछि नेपालले सामन्ती व्यवस्थालाई छाडेर आधुनिक युगको अनुकूल एक नयां व्यवस्था स्थापना गर्ने प्रयत्न गरेको छ। यो परिवर्तन गर्दा श्री ५ को सरकारले बढ्दो मात्रामा विभिन्न कार्य--प्रकार्य उपर जिम्मेवारी बहन गरेको छ र यी सबै कार्यहरू स्वभावतः खर्चालु साबित भएका छन्। समय समयमा गठित भएका श्री ५ का सरकारले विश्वमा हाम्रो राष्ट्रलाई नयां कामको लागि योग्य तुल्याउन कोशिश गरे। जनताले पनि आफ्नो जीवनस्तरमा बृद्धिको आकांक्षा र मांग गरे। यी मांगहरूको प्रशासकीय आवश्यकता पूरा गर्ने ध्येयले नयां मन्त्रालय र विभागहरू स्थापित भए तथा प्रशासनमा बढ्दै गएका कार्यहरूको संपादन गर्न पुराना विभागहरूमा पनि बृद्धि गरियो। फलस्वरूप, वार्षिक खर्चको अंक उत्तरोत्तर बढ्नथाल्यो र प्रत्येक वर्षको बजेटमा यो परिस्थिति प्रतिबिम्बित भयो। खेदको कुरा यो छ कि विभिन्न सरकारका कार्यक्रम अन्तर्गत नयां खर्च गर्ने जोशमा



३८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रका उपलभ्य वास्तविक साधनको ख्यालबाट उत्पन्न हुने होश कम भयो । अर्थात् खर्च गर्ने अंग र कार्यक्रम जसरी बन्यो र बढ्यो, आम्दानी गर्ने कार्यक्रम बिलकूल बनेन । सरकारी सेवाहरूमा बढ्दो खर्च पूरा गर्न त्यही अनुपातमा आयका परंपरागत स्रोतबाट आम्दानीको बृद्धि भएन । यसको परिणाम के भयो भने आज सरकारको खर्च आम्दानी भन्दा धेरै बढी छ र आम्दानीको ख्याल नगरी खर्च बढाउंदै जाने हाम्रो नराम्रो गतिविधि आज हामीले बन्द गर्नु परेको छ । हाम्रो खर्चलाई आम्दानीको अनुपातमा ल्याउनाको निमित्त कटिबद्ध हुने बेला आएको छ, खर्च र आम्दानीका दुबै पांग्रालाई राष्ट्रको रथ चलाउन एकै गतिले हिंड्ने तुल्याउनु परेको छ । गर्नुपर्ने जति कुरा तुरुन्तै गर्न सकिंदैन । यस सालको बजेट यो दिशामा पहिलो कदम मात्र हो, खर्च र आम्दानीमा सन्तुलन ल्याउन हामीले धेरै कठीन काम गर्नु बांकी छ । आयका नयां स्रोतहरूको खोज गर्नु परेको छ, खर्च हुने कौडी-कौडीमा संयमशीलता र मितव्ययिताको अभ्यास गर्नु परेको छ । म यो कुरा स्पष्टसंग भन्न चाहन्छु कि हामी सबैले त्याग र तपस्या गर्‍यौं भने मात्रै गत सालहरूका हाम्रा भूलहरूको संकलित कुप्रभाव हामीले हटाउन सक्तछौं । म यो पनि जोडका साथ भन्न चाहन्छु कि गर्नुपर्ने कुरा जति एकै वर्षमा वा एकै बजेटमा गर्न सकिंदैन । तर पनि, यो वर्ष आम्दानी र खर्चको सन्तुलनको सम्बन्धमा गर्नुपर्ने कामको प्रारम्भ गरिएको छ, र म देशवासीहरूलाई सतर्क तुल्याउन चाहन्छु कि यो संयमित मितव्ययिताको अवधि कम से कम अरू तीन वर्ष र त्यसभन्दा पनि बढी समयसम्म रहन सक्ने छ । यो अवधिभित्र श्री ५ को सरकारले अनावश्यक वा अहिले महत्व नभएका सबै सरकारी सेवाहरू बन्द गर्नेछ, राष्ट्रीय आम्दानी बढाउने खालका कामलाई प्राथमिकता दिनेछ, मितव्ययिताको अवधि सकिएपछि राष्ट्रीय विकासका लागि ठूलो प्रगति गर्न पर्याप्त हुने जग यस अवधिमा बसाल्ने छ । हाम्रो देश आर्थिक दृष्टिबाट स्वस्थ रहने हो र जनताको जीवनस्तरमा सांच्चि नै वृद्धि गर्ने हो भने आजै देखि काम शुरू गर्न पर्दछ र यो कामको लक्ष्य स्वस्थ आर्थिक नीतिले अनुप्राणित भएको नियमित आर्थिक व्यवस्था हुनु पर्दछ ।

२. संशोधित अनुमान बमोजिम गत वर्षको खर्च ने.रु. ११ करोड एक लाख छ । १२ करोड ४१ लाखको पहिलो अनुमान भन्दा यो केही कम छ ।

३. आय भने आशा गरे बमोजिम उठ्न सकेन, कुल ९ करोड ७४ लाख मात्र उठ्न सक्ने संशोधित अनुमान छ । पहिलेको अनुमान रु. ११ करोड ८६ लाख थियो । भन्सार महसूलबाट संशोधित अंक ३ करोड ४४ लाख पहिलेको अंक भन्दा ९ लाख बढी छ । बनबाट उठ्ने देखिएको संशोधित अंक १ करोड २० लाख पहिलेको अंक भन्दा ३५ लाख ६५ हजार कम भएको छ । रेलमा ३५ लाख अनुमान गरिएकोमा अब २० लाख मात्र अन्दाज गरिएको छ । तर रोडसेसमा भने १५ लाख आशा गरिएकोमा २३ लाख उठ्ने देखिएको छ र पानी कर १ लाखको सट्टा २ लाख उठ्ने देखिएको छ । सम्पूर्ण आय जम्मा गर्दा ९ करोड ७४ लाख हुने देखिएकोले नपुग हुने अंक १ करोड २७ लाख हुन आएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. साधारण बजेटमा मात्रै श्री ५ को सरकारको कुल खर्च सीमित भएको छैन। त्यसको अलावा सरकारले विकास बजेटमा पनि खर्च बेहोरेको छ, र अहिलेको अनुमान अनुसार गत सालमा श्री ५ को सरकारबाट बेहोर्नु पर्ने खर्च जम्मा १ करोड १० लाख जति छ। दुबै बजेटमा मिलाएर नपुग हुने अंक जम्मा २ करोड ३७ लाख हुन आउँछ। यो नपुग खर्च गत सालहरूमा जम्मा भएका जगेडा र सरकारमा रहेको अरू जगेडा (Surplus Balance) बाट पूर्ति गरिएको छ।

५. श्री ५ को सरकारको आर्थिक नीति तीन सिद्धान्तमा आधारित छ र यी तीन सिद्धान्तको एक एक गरेर म अब विवरण गर्न चाहन्छु। प्रथमतः, साधारण बजेटलाई सन्तुलित तुल्याउनु श्री ५ को सरकारको इरादा छ। अर्थात् आगामी वर्षको बजेट बनाउँदा साधारण बजेटपट्टि खर्च गत सालको भन्दा बढ्न नदिने विचार गरिएको छ। यस्ता धेरै आयोजनाहरू छन्, जुनलाई सरकार कार्यान्वित गर्न चाहन्थ्यो, यस्ता धेरै सामाजिक सेवाका बिस्तारहरू छन्, जुनलाई समावेश गर्दा खुशी हुने कुरा हुन्थ्यो। तर यी कुनै आयोजनाहरूलाई नैष्टिक तथा संयमशील बजेटमा स्थान दिन सकिएन। विकास बजेटमा यो सन्तुलन गर्ने काम बढ्ता कठीन भएको कुरा तल देखाइएको छ। मित्र राष्ट्रहरूसंग गरेको सम्झौतामा श्री ५ को सरकारले बेहोर्ने रकमहरूको उल्लेख भएको छ। विकास योजनामा हामीले बेहोर्न स्वीकार गरेका खर्चको केही कटौती सम्भव भए पनि यो कटौतीको पनि हद छ, जुन हद भन्दा बढी हामी जान सक्तैनौं। यसकारण विकास बजेटलाई सन्तुलित तुल्याउने भएमा विकास कार्यक्रममा निकै छानबिन गर्नु पर्ने थियो तापनि हामीले सो कुरा गर्न सकेका छैनौं। यो क्षेत्रमा योजनाहरू फलीभूत भएपछि मात्र मितव्ययिता ल्याउन सकिन्छ तर पनि श्री ५ को सरकारले दिनु पर्ने खर्चमा वृद्धि हुन नदिनालाई हामी हरहमेसा सतर्क हुनु पर्ने भएको छ।

६. श्री ५ को सरकारको आर्थिक नीतिको दोस्रो विशेषता के हो भने, यो र आगामी वर्षहरूको बजेट बनाउंदा हुनसकेसम्मको मितव्ययिता गरिनेछ। हाम्रो विचारमा अघि साधारण तथा विकास बजेटमा देशको मूल आर्थिक परिस्थितिमा पर्ने प्रभावको पर्याप्त अध्ययन नगरी थप खर्चको स्वीकृति दिई आएको देखिन्छ। नयाँ खर्चको स्वीकृति दिनुभन्दा अगाडि पहिले भन्दा कडा किसिमले नयां मांगको पूरा छानबिन हुनु आवश्यक छ भन्ने हाम्रो विश्वास छ। खास गरेर गत वर्षहरूमा धेरै विभागका कर्मचारीहरूको संख्यामा अनावश्यक बृद्धि भएको छ र यो स्टाफको बृद्धि घटाउन सकिने हो वा होइन त्यसको राम्रो जांचबुझ हुनु पर्ने देखिन्छ।

७. तेस्रो कुरा, सकेसम्म चांडो सार्वजनिक सेवाहरूलाई स्वावलम्बी तुल्याउने श्री ५ को सरकारको इरादा छ। यस किसिमको नीति अघि अघि पनि घोषणा गरिसकेको हो, तर यसलाई कार्यान्वित गर्ने केही काम भएन। यो खेदका साथ स्वीकार गर्नु परेको

३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ कि बिजुली, रोपवे, रेल्वे, टेलिकम्युनिकेशन, पिउने पानी, हुलाक आदि सेवाहरूमा आम्दानी भन्दा खर्च बढी भएको छ। यी मध्ये कुनै कुनैमा वार्षिक खर्च भन्दा वार्षिक आम्दानी बढी देखिन्छ, तापनि त्यसमा डेप्रिसिएशन, पेन्सन र लगाएको पूंजीको ब्याज हिसाब गरिएको छैन। परिणामस्वरूप, यिनबाट सरकारी आयमा बृद्धि हुनुको सट्टा यी विभागहरू देशका साधनहरूमा भार हुन आएका छन्। धेरै विभागहरूमा त आम्दानीबाट खर्च चल्दैन र सरकारी फण्डबाट यो खर्च चलाइएको छ। अरू कुराको लागि अत्यावश्यक रुपैयां–पैसा यसरी खर्च गर्नु अनुचित र असमर्थनीय कुरा हो।

८. यसो हुनुका धेरै कारण छन्। मरम्मतको कामको वास्ता नगर्ने आदत हामीमा रहेको छ किनभने पुरानो प्रणालीमा यस्ता कामको लागि खर्च पाउन मुश्किल हुन्थ्यो। धेरै ग्राहकहरूको संख्या बढे तापनि सेवाको बिस्तारको लागि आवश्यक पूंजी धेरै वर्षसम्म उपलब्ध भएन र सरकारी स्रोतबाट पनि यो पूंजी उपलब्ध तुल्याउन सकिएन। फेरि अघि अघि पूंजीको लागि समुद्र बाहिरको स्रोत पनि अहिले जस्तो उपलब्ध थिएन। यी सार्वजनिक रकम नै विभागमा पनि खर्चको हिसाब ( Cost Accounting ) राख्ने प्रथा थिएन र सेवाको लागि आर्थिक दृष्टिबाट पर्याप्त महसूल लिइएको छ वा छैन, कसैलाई पत्ता थिएन। यो सम्भव छ– तर जनतामा यो पूर्णतया विदित भएको कुरा छैन– कि ग्राहकबाट पूरा खर्च लिनसकिनेमा पनि सरकारले ग्राहकबाट उठाएको दर–रेट्मा केही अंश बेहोरेको छ। अन्ततोगत्वा यो पनि स्वीकार गर्नु परेको छ कि यी विभागहरूको प्रशासन पनि योग्य, कुशल र पर्याप्त भएको छैन। प्राविधिक योग्यताको नेपालमा साह्रै कमी छ र सार्वजनिक आवश्यकताका सेवाहरू चलाउन चाहिने योग्यता पनि हामीमा अहिले वर्तमान छैन। जब विदेशमा तालीम पाएका नेपालीहरू पर्याप्त अनुभव लिएर देशमा फर्कन्छन्, त्यसबेला हाम्रो यो कमी हट्न जानेछ र नेपालका सार्वजनिक सेवाहरू स्वयं हामीबाटै प्रचलित हुनेछन्। तर, यो समय आउन धेरै बांकी छ। त्यहांसम्म यो समस्याको तुरुन्त समाधान हुनसक्ने तरीका सोच्नु परेको छ।

९. यसकारण श्री ५ को सरकारले यस सम्बन्धमा दुइ मुख्य नीति अपनाउने निर्णय गरेको छ। पहिलो, सरकारी हिसाब किताब राख्ने तरीका व्यापारात्मक सेवाको ( Commercial Services ) लागि उपयुक्त छैन भन्ने कुरा सरकारले स्वीकार गरेको छ। यस्ता सेवाहरूको लागि व्यापार वाणिज्यमा राखिने किसिमको हिसाब किताब राख्ने तरीका अपनाउनु मुनासिब छ। यसले गर्दा सरकारलाई यी विभागहरूबाट कति नोक्सान भएको छ, सो राम्ररी पत्ता लगाउन मद्दत हुन्छ र सो क्षति पूरा गर्न सरकारले कति सहायता दिनुपर्छ, त्यसको पनि अंक ल्याउन सकिन्छ। यसको अतिरिक्त सरकारी प्रशासकीय व्यवस्था यस किसिमका सेवाहरूको निमित्त मेलखाने किसिमको हुंदैन। यसकारण, श्री ५ को सरकारले यी सबै सेवाहरूलाई स्वयंशासित कर्पोरेशनको रूपमा चालू गर्ने नीति अपनाइएको छ। शुरूमा बिजुली र रोपवेलाई कर्पोरेशन बनाउने

३८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र यिनलाई बोर्डद्वारा सञ्चालित गराउने निर्णय भएको छ । यी बोर्डमा श्री ५ को सरकारको प्रतिनिधि रहे पनि कर्पोरेशनको दैनिक प्रशासनमा सरकारबाट कुनै दखल गरिने छैन । यो नीति कार्यान्वित गर्दा धेरै कुरा मिलाउनु पर्नेछ, तर मुख्य सिद्धान्त के हो भने यी कर्पोरेशनको सञ्चालनमा श्री ५ को सरकारबाट सकभर कम दखल हुनेछ । दोस्रा, श्री ५ को सरकारले कर्पोरेशनको सञ्चालनमा आवश्यक योग्यता हासिल गराउनको निमित्त योग्य, पर्याप्त नेपाली कर्मचारीहरू नपाइएसम्म समुद्रपारका व्यावसायिक संस्थाहरूको सहायता लिने निर्णय गरेको छ । योग्य सञ्चालनको व्यवस्था भएमा यी कर्पोरेशनलाई शीघ्र नै लाभकारी रूपमा चालू गर्न सकिन्छ र दुइ तीन वर्षमा नै जनताले राम्रो र प्रशस्त सेवा यी कर्पोरेशनहरूबाट पाउन सक्तछन् । यसको अलावा देशको आयमा पनि बृद्धि हुन सक्तछ ।

१०. यस प्रकारले सार्वजनिक आवश्यकताका सेवाहरूबाट सरकारको वार्षिक बजेटमा जुन बोझ परेको छ, त्यसलाई हटाउने आशा गरिएको छ । हुलाक र आकाशवाणी जस्ता सेवाहरूलाई धेरै कालसम्म सरकारले सहायता गर्नुपर्नेछ, तर यी कुरामा पनि सरकारले सहायताको रूपमा दिएको रुपियांबाट हुनसकेसम्मको लाभ भएको छ, छैन, सरकारले राम्ररी जांच्नु परेको छ ।

११. यिनै नीतिहरूको आधारमा श्री ५ को सरकारले आगामी वर्षको बजेट बनाएको छ । तीन चार वर्ष अघिको बजेटको अध्ययन गर्ने जुनसुकै पनि व्यक्ति यस बीचमा भएको बिस्तारबाट चिन्तित हुन्छ । फेरि यो बिस्तार खाली कर्मचारीहरूको बृद्धिमा भएको छ, तापनि जनताले देख्ने किसिमले विभागहरूमा कुनै किसिमको योग्यता बढेको छैन । संयमशील कार्यक्रमको सिलसिलामा अतिजरूरी नपरी कुनै विभागको बिस्तार आउंदो साललाई बन्द गरिएको छ । यी उपायद्वारा यो सालको खर्च गत सालको अनुमान भन्दा केही कम गरी ११ करोड ५३ लाख हुन आएको छ ।

१२. वर्तमान स्रोतबाट आउने आम्दानी जम्मा ९ करोड ६७ लाख अन्दाज गरिएको छ । मुख्य बृद्धि हुने रकमहरू भन्सार र वन छन्, जसमा क्रमैले ४१ लाख र २७ लाखको बृद्धिको अनुमान गरिएको छ, जसको दर–रेट्मा परिवर्तन नगरी अरू धेरै रकमबाट आउने आम्दानीमा बृद्धि हुने सम्भावना छैन । भन्सार, मालपोत र वनबाट नेपालको कुल आयको ७५ प्रतिशत आउंछ । यस साल खाद्य पदार्थको बिक्रीबाट पर्न आउने खर्च वा आम्दानीको रकम राखिएको छैन । खाद्य पदार्थको बिक्री वाणिज्य व्यापार विषयको कुरा हो र यो विभागलाई स्वावलम्बी र आफैं हिसाब किताब राख्ने रूपमा राख्न सरकारले निर्णय गरेको छ । खाद्य वस्तु बेचेर जो आम्दानी आउंछ, विभागले त्यो खाद्य वस्तु किन्ने कुरामा खर्च गर्नेछ र जहां जहिले पदार्थको कमी हुन्छ, सो पूरा गर्न सरकारले कमी पूर्ति गर्न चाहिने प्रबन्धको लागि आर्थिक मद्दत दिनेछ । गत वर्ष ५० लाखको रकम राखिएको थियो, त्यो रकम यस साल राखिएको छैन । तर, गत सालको

३८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बचौतबाट ल्याइएको क्षतिपुरणात्मक ७५ लाख राखिएको छ। अरू थोक नगरेमा साधारण बजेटमा जम्मा ८१ लाखको कमी हुने भएको छ।

१३. मैले माथि भनिसकेको छु कि यस साल सरकारको नीतिको मुख्य ध्येय साधारण बजेट्लाई सन्तुलित तुल्याउनु हो। उपर्युक्त कमी पूरा गर्न श्री ५ को सरकारले कुनै रकममा कर वढाउने र कुनै अरू रकममा नयां कर समेत लगाउने निर्णय गरेको छ। पहिलो, तराईमा २५ प्रतिशत र काठमाडौं उपत्यका र पहाडमा १० प्रतिशत मालपोत बढाइएको छ। यो रकमबाट जम्मा ५० लाख जतिको बृद्धि हुने अनुमान गरिएको छ। मादक पेय पदार्थ, हजारको रु. १५ भन्दा बढी पर्ने सिगरेट र अरू भोगविलासका मालतालहरूमा समेत कुल रु. १५ लाख बढ्ने गरी पैठारी महसूल बढाइनेछ। अन्तःशुल्कबाट १ लाख ५० हजार जति बढाउने अनुमान गरिएको छ। पानीपोत पनि बढाइनेछ र शहरी क्षेत्रको घर जग्गा र विदेशी लगानी कर २५००० बाट शुरू हुने सट्टामा ५०००० बाट शुरू हुनेछ। यसको अतिरिक्त, जग्गामा थप कर पनि अहिलेको भन्दा माथिल्लो तहमा मात्र लगाइनेछ। लाइसेंस पाएका होटेलहरूमा बस्ने व्यक्तिहरूको खर्चमा १० प्रतिशत कर लगाउने निर्णय गरेको छ। प्रचलित रजिष्ट्रेशन दस्तूरमा केही बृद्धि गरिएको छ, जसबाट १० लाखको थप आम्दानीको अनुमान छ। विदेशको लागि प्रस्थान गर्ने हवाइ जहाजका पेसेंजरहरूमा उडान कर लगाइने भएको छ। यी करहरूबाट सबै मिलाउंदा १ करोड जतिको बृद्धि हुने आशा छ र साधारण बजेटमा यस किसिमले १९ लाख जति बढी हुने देखिएको छ।

१४. श्री ५ को सरकारले अहिलेसम्म हाम्रो भूमि व्यवस्थामा धेरै कालसंम रहेको त्रुटीहरू हटाउनेतर्फ पनि कारवाइ गर्ने भएको छ। यी दोषहरूको कारण हाम्रो मालपोतमा बृद्धि हुनसकेको छैन। यहां मैले खासगरी बिर्ता प्रथालाई संकेत गरेको हुं। गत केही वर्षदेखि यो सबैले महसूस गरेको कुरा हो कि बिर्ताको रूपमा जग्गा दिने कामलाई बढावा दिने हो भने एक दिन त्यो अवस्थामा पुगिन्छ, जब सरकारलाई जग्गाबाट आम्दानी बिलकूल शून्य हुन आउंछ। आधुनिक युगमा कुनै पनि राष्ट्रले आम्दानीका महत्वपूर्ण स्रोतहरू त्यागेर टिक्न सक्तैन। यसैकारण सर्वत्र यो महसूस गरिएको छ कि यो बिर्ताप्रथाको अन्त हुनु पर्दछ। बिर्ता उन्मूलन गर्ने ध्येयले गत वर्ष एक ऐन पास भएको थियो र सो ऐन अन्तर्गत तराईका बिर्ताहरूको अन्त गरियो।

अहिले केही फरक पारेर काठमाडौं उपत्यकाका बिर्ताहरूको पनि उन्मूलन गर्ने विचार गरिएको छ। उपत्यकामा बिर्ताको उन्मूलन गर्दा बिर्तावाललाई धान बुझाउने मोहीलाई पनि मनासिब माफिकको छुट दिइएको छ। अबदेखि अनाज बुझाउने गरेको अञ्चल जग्गाको बिर्तामा बिर्तावालले श्री ५ को सरकारलाई रोपनीको ३ रुपियांको दरले कर बुझाउनेछ। साथै सो जग्गाबाट १ मुरी ३ पाथी भन्दा बढी अनाज बिर्तावालले

३८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफ्नो मोहीबाट उठाउन पाउने छैन र यो तोकिएको दर बमोजिमको बाली मोहीहरूले जग्गा धनीलाई बुझाउनु पर्नेछ । अहिले चलिरहेको उठ्ती भन्दा यो कम छ र फसलको ३ खण्डको एक खण्ड जति पर्न आउंछ । अरू दर्जाको जग्गाको हकमा पनि माथि निर्धारित गरिएको अनुपातमा तिरो तोकिनेछ । श्री ५ को सरकारले क्षतिपूर्ति गर्ने ऐन पनि लागू गर्नेछ । र सरकारले पाउनु पर्ने माल पोतखाने गरेका बिर्तावालहरूले उनीहरूको राजस्व अधिकार हरिए बापत कानून बमोजिम मुआबजा पाउनेछन् । ब्याज पाइने सरकारी सेक्योरिटीलाई चलन चल्तीमा ल्याएर यो क्षतिपूर्ति गर्ने विचार गरिएको छ । यस्तै गरी सम्पत्ति अधिकारको लागि क्षतिपूर्ति गर्दा हुन आएको ऋण पनि सरकारी ऋण चालू गरेर तिरिनेछ ।

श्री ५ को सरकारले जुन मात्रामा भूमि सुधारको लक्ष गरेको छ, त्यो यतिमा मात्रै सीमित छैन । भूमि हाम्रो प्रमुख भौतिक साधन हो । भूमिबाटै हामीले यसको आम्दानी निकाल्नु परेको छ, जो हाम्रो विकास कार्यक्रमको र आकांक्षित जीवनस्तरको साधन बन्न सक्तछ । तर पुरानो जर्जर भूमि व्यवस्था खेतीपाती गर्ने जीर्णशीर्ण अवैज्ञानिक तरीका र विशेष गरेर कृषकहरूको उपेक्षाले गर्दा जमीनको उत्पादन शक्ति र उत्पादनशीलता अरू देशको तुलनामा सारै कम हुन आएको छ । यस कुरामा सुधार ल्याउन श्री ५ को सरकार कटिवद्ध छ र यही उद्देश्यले शाही भूमि सुधार आयोगलाई आफ्नो प्रयास जारी राख्ने निर्देशन दिएको छ । यसबाट शीघ्र नै सन्तोषजनक भूमि नीतिको विकास गर्न र कार्यान्वित गर्न सहायता मिल्नेछ ।

१५. तर साधारण बजेटको खर्च मात्रै श्री ५ को सरकारको सम्पूर्ण खर्च होइन । त्यसको अतिरिक्त विकास बजेटमा पनि हटाउन मिल्ने खर्च रहेको छ । यो कुरा सबैमा विदित छ कि श्री ५ को सरकारले देशको विकास गर्ने योजना कार्यान्वित गर्नलाई मित्रराष्ट्रहरूबाट सहायता लिएको छ । यदि हामीहरू आफ्नै खुट्टाले टेक्ने अवस्थामा र हाम्रा योजनाहरूलाई हाम्रै साधनबाट कार्यान्वित गर्ने अवस्थामा पुग्ने हो भने हामीले त्यस्ता विकास योजनाहरूलाई अघि बढाउनु पर्दछ, जसले हाम्रो राष्ट्रीय आम्दानी र राष्ट्रीय सम्पत्ति बढाउंछन् । र जसले भविष्यका विकास योजनाहरूमा लगाइने पूंजीको संकलन गर्नमा मद्दत गर्दछन् । तर त्यो समय धेरै टाढा छ । त्यहांसम्म हाम्रो वर्तमान विकास योजनाहरूको निमित्त मित्रराष्ट्रहरूबाट आउन सक्ने पूंजीमा भर पर्नु परेको छ । हाम्रो धेरैजसो विकास योजनाहरूलाई सहायता गर्ने मित्रराष्ट्रका सरकारहरू तयार भएपनि सबै योजनाहरूलाई सहायता गर्न उनीहरू तयार छैनन् । विशेष गरेर विदेशी राष्ट्रहरू जग्गा किन्नको लागि क्षतिपूर्ति पनि उनीहरू आफैंले भर्न चाहंदैनन् र धेरैजसो विकास योजनाको निमित्त जग्गाको आवश्यकता पर्दछ । आगामी वर्षमा विदेशी सहायताबाट मुख्यतया चालू भएका योजनाहरूमा श्री ५ को सरकारले आफूले बेहोर्ने खर्च दिनसक्नेछ । हाम्रो आर्थिक अवस्था यस्तो छ कि विकासको निमित्त चाहिने साधन-

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरू हामीले खाली मालपोतबाट मात्र पाउन सक्छौं । यसकारण हाम्रा मित्रराष्ट्रहरूलाई हामीले गरेको बाधाबाट केही अंशमा हामीलाई मुक्त गर्न अनुरोध गर्नु परेको छ । यस-बाट केही संमिलित योजनाहरू बन्द हुने भए पनि हामी तयार हुनु परेको छ । विदेशी सहायता संस्थाहरूले यो नयां खर्चको अंश पनि बेहोर्ने भए मात्रै यो परिस्थिति हट्न सक्तछ ।

१६. तर विकास बजेटमा यस्ता अरू समस्याहरू पनि गत केही वर्षमा घुस्न गएका छन्, जसको समाधान हामीले पाउनु परेको छ । मित्रराष्ट्रहरूले बेहोरेको विकास बजेटको धेरैजसो खर्च सालबसाली किसिमको छ । अस्पताल, डिस्पेंसरी, ग्राम विकास र स्कूलका सालबसाली खर्च साधारणतया विकास बजेटमा पर्दैनन् । यो खर्च कैयन् लाख पुगेको छ र वास्तवमा साधारण बजेट्मा पर्नु पर्ने खर्च हो । ढिलो– चांडो र शायद निकट भविष्यमा नै साधारण बजेटमा यो खर्च रहनेछ र साधारण आम्दानीबाटै बेहो-रिनु पर्नेछ । अहिले यत्रो ठूलो अंकको खर्च वर्तमान आम्दानीबाट पूरा गर्न सम्भव छैन, तर एक दुइ वर्षभित्रैमा यो पैसा निकाल्न सक्नु पर्नेछ । यो पृष्ठभूमिमा श्री ५ को सरकारले निकट भविष्यमा खाली उत्पादनशील विकास योजनाहरूमा जोड दिने निर्णय गरेको छ, जुन योजनाहरूले छोटो अवधिमा नै उत्पादन बढाउन सक्नेछन् । मित्रराष्ट्रहरू-संग यही उद्देश्यले आर्थिक सहायताको निमित्त समझौता गर्न वार्तालाप गर्ने विचार गरेका छौं ।

१७. हाम्रो सहायता गर्न आएका सबै मित्रराष्ट्रहरूप्रति कृतज्ञता प्रकट गर्दछु । उनीहरू मध्ये केही यहां धेरै वर्षदेखि आएका छन् र हाम्रो निमित्त धेरै रुपियाँ पनि खर्च गरेकाछन्, जो उहांका जनताको करबाट आएको हो भन्ने कुरा हामी धेरैले राम्ररी बुझेका छैनौं । मनुष्यको कल्याणको निमित्त सबभन्दा उत्तम विचार त्यही हो, जसले गर्दा विकसित राष्ट्रहरू अविकसित राष्ट्रहरूको मद्दत गर्न तत्पर भएका छन् । कहिले काहीं हाम्रो यहां पनि कतै कतैबाट मित्रराष्ट्रहरूको कडा आलोचना भएको सुनिन्छ, तर आजको जस्तो अवसरमा उनीहरूले गरेको कामको लागि एउटा कृतज्ञ राष्ट्रको धन्यवाद प्रकट गर्नु सामयिक छ ।

१८. विकास बजेट गत सालको २५ करोड ९१ लाखको सट्टामा १८ करोड ८९ लाख हुन आएको छ । यसभित्र श्री ५ को सरकारलाई उपलब्ध हुने सबै विदेशी सहायता परेको छैन । मित्रराष्ट्रहरूले कबूल गरेका धेरै अंकहरू छन्, जो यस साल खर्च गर्न सकिंदैन । १८ करोड ८९ लाख रुपियां मध्ये २ करोड ३२ लाख अघिल्लो वर्ष खर्च नभएको रकमबाट र १२ करोड ८८ लाख विदेशी सहायताबाट खर्च गरिनेछ । र बांकी ३ करोड ६९ लाख श्री ५ को सरकारले बेहोर्नेछ । विकासका प्रमुख प्रयत्नहरू बिजुली, बाटो, नहर हुनेछन्, तर शिक्षा र स्वास्थ्यमा पनि आवश्यक अंक समावेश गरिएको छ ।

३८८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. विकास बजेटमा श्री ५ को सरकारले बेहोर्न पर्ने जो अंक पर्न गएको छ, त्यसले गर्दा निकै ठूलो समस्या उत्पन्न भएको छ तर यो समस्या तुरुन्त हल हुने किसिमको होइन। विकास योजनाहरूको मांग पूर्ति गर्नलाई ३ करोड रुपियां उठाउने काम गम्भीर कुरा हो भन्ने श्री ५ को सरकारले महसूस गरेको छ र यसमा के गर्न सकिन्छ, सो केलाउन चारैतिर खर्च र आम्दानीमा निग्रानी गर्ने सरकारले निर्णय गरेको छ।

पहिले श्री ५ को सरकारले अनावश्यक सरकारी अड्डाहरू हटाउन सकेसम्म चांडै सुझावहरू पेश गर्न एक अन्तर्विभागीय समिति स्थापित गर्ने निर्णय गरेको छ। यी अफिसहरू मध्ये कुनै अघिल्लो शासनमा स्थापित गरिएका थिए र यिनको आधुनिक नेपालको आवश्यकतासंग केही सम्बन्ध छैन। फेरि त्यस्ता अरू कार्यहरू छन्, जसलाई पहिले प्राथमिकता दिइएतापनि अहिले दिनुपर्ने आवश्यकता छैन। प्राथमिकताको विषयमा पुर्नविचार गरी यो नयां प्राथमिकताको आधारमा काम चालू गर्नुपर्ने भएको छ। प्रशासनमा सबै अनावश्यक खर्चको कटौती होस् भन्ने श्री ५ को सरकारको मुराद छ।

यसको अतिरिक्त श्री ५ को सरकारले थप आम्दानी गर्ने उपायहरू सोच्दैछ। बढ्ता पैसा उठाउने तरीका निकाल्न केही समय लाग्छ। तर, श्री ५ को सरकारको यो विश्वास छ कि देशमा लगाउन सकिने सबै कर लगाइएको छैन। अन्त्यमा सरकारले देशभित्र ऋण ( Loan ) उठाउने सम्भावनालाई पनि केलाउंदैछ। यस किसिमको आन्तरिक ऋणबाट धेरै पैसा उठ्ला भन्ने सरकारको विचार छैन, तर अरू कदमहरूको साथमा यो कदमले हाम्रो वर्तमान आर्थिक परिस्थितिमा केही सुधार ल्याउन सक्नेछ। यदि यी सबै कदमहरू उत्साहका साथ उठाइए भने श्री ५ को सरकारले ठूलो संकटको अनुभव नगरिकन आगामी वर्ष व्यतित गर्नसक्नेछ।

२०. जुन आर्थिक चित्र आज मैले खिचें, त्यो चित्र उदास तथा चिन्ताजनक छ, तर, यदि हामीले शिथिल बजेट तयार गर्ने प्रणयलीलाको समय बित्यो भन्ने महसूस गरेनौं भने हामी ठूलो भ्रममा पर्नेछौं। अगाडिका प्रशासनहरूले छोडेका जगेडाबाट सजिलोसंग खर्च गर्ने दिन बिते, अब ती फर्कंदैनन्। अबदेखि विदेशी सहायताबाट नआउने सबै खर्च हाम्रो आफ्नै आम्दानीबाट पूरा गर्नु परेको छ र यो कुरा स्वीकार गर्नु जाति छ कि नेपाल जस्तो गरीब मुलुकमा आउने धेरै वर्षसम्म हाम्रो आम्दानी धेरै ठूलो हुन सक्तैन। हामीहरूसंग बचत कम छ, हाम्रो प्राकृतिक धनको पनि पूर्ण उपयोग गर्न अझ बांकी नै छ। तर आफ्नो भाग्यलाई दोष दिएर काम नगरी त्यसै बस्नु ठीक छैन। हाम्रो प्रशासनमा सुधार ल्याउन धेरै काम गर्न सकिन्छ, शिक्षा, स्वास्थ्य र विकास नीतिमा पुर्नविचार गर्नु परेको छ ताकि हाम्रो सीमित साधनको सकेसम्म बढी उपयोग होस्। यी समस्याहरूमा यो साल श्री ५ को सरकार दत्तचित्त हुनेछ।

प्राथमिकताका समस्याहरू पनि छन्। हामीले जति कुरा चाहन्छौं ती सबै कुरा हामी तुरुन्त पाउन सक्तैनौं। त्यसै जरूरत परेका केही कामहरूले पनि ती भन्दा बढ्ता

३५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महत्वपूर्ण अरू कामहरू नसिद्धिञ्जेल पर्खनु पर्नेछ । कुन कुरा पहिले गर्ने त्यस विषयमा मतभेद हुने सम्भावना छ र मैले अगाडि संकेत गरिसकेको छु कि सरकारको विचारमा तुरुन्तै देशको सम्पत्ति बढ्ने र त्यो बढेको सम्पत्ति बढ्दो सरकारी आम्दानीमा प्रतिबिम्बित हुने किसिममा योजनाहरूले प्राथमिकता पाउनु पर्दछ ।

२१. यस अवसरमा सबैको मनोरथ पूरा गर्दिने किसिमको कल्पबृक्ष समान बजेट प्रस्तुत गर्नु आनन्ददायक हुने थियो । खर्चमा बृद्धि हुंदै जानदिनु र हामीले कसरी गर्न आंटेका छौं, त्यसमा भन्दा हामी के गर्न चाहन्छौं, त्यसमा बढ्ता व्याख्या गर्नु बढ्ता मनोरञ्जक हुने थियो । अब यस बारे भ्रम नरहोस् । यो बजेट संयमशील र नैष्ठिक भए तापनि हामी संकटबाट अझ उत्रिसकेका छैनौं । हरा-भरा जीवनको निमित्त हाम्रो यात्रा लामो र संघर्षशील रहनेछ । तर हामी नेपालीहरूले यस्ता यात्राहरूको अनुभव प्राप्त गरिसकेका छौं र भविष्यले जुनसुकै आह्वान गरे पनि त्यो आह्वान स्वीकार गर्न सक्तछौं । आजको दिन उदास देखिए तापनि भविष्य आशारहित छैन । हाम्रा यस्ता मित्रराष्ट्रहरू छन्, जो हामीलाई उदार रूपले मद्दत गर्न तयार छन्, तर हाम्रो समस्याहरूको निष्कपट विश्लेषण गरेर हाम्रो साधनभित्र ती समस्याहरूको समाधान गर्ने दृढ चेष्टा गर्नु नै हाम्रो प्रथम कर्तव्य छ । श्री ५ को सरकारले प्रस्तुत बजेटद्वारा उपर्युक्त मार्गमा हिंड्न शुरू गरेको छ र आगामी वर्षमा सरकारी नीतिहरू र कार्यक्रमहरूले यही दिशातिर औंलाउनेछन् ।

### ०१८।१९ को आर्थिक वर्षको आम्दानी खर्चको संक्षिप्त विवरण

**खर्च**

| | | ने.रु. हजारमा |
|---|---|---|
| ०१८।१९ को कुल अनुमानित खर्च | | ३०,४३,६२ |
| साधारणतर्फ | ११,५३,८४ | |
| विकासतर्फ | १८,८९,७८ | |

**आम्दानी**

| | | |
|---|---|---|
| अनुमानित आम्दानी | | १०,७२,०२ |
| मौज्दात सर्न आएको | | २,३१,६५ |
| विदेशी सहायता | | १२,८८,४३ |
| अमेरिका | ६,५५,६१ | |
| भारत | ३,८३,४२ | |
| रूस | १,६१,०० | |
| न्यूजिल्याण्ड | ९,७६ | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| फोर्ड फाउण्डेशन | १०,०४ | | |
| ब्रिटिश | ६,६० | | |
| डब्लू.एच्.ओ. | ७,५० | | |
| जर्मन | ५,०० | | |
| चीन | ३०,०० | | |
| सं.रा.संघ | १६,५० | | |
| | | घाटा | ४,५१,५२ |
| | | नयां कर लगानी | १,००,०० |
| | | नपुग | ३,५१,५२ |

## अनुसूचि १ क

### २०१८।१९ को राजस्व अनुमान

ने.रु. हजारमा

| सि. नं. | शीर्षक | ०१७।१८ सालको अनुमान | ०१७।१८सालको संशोधित अनुमान | ०१८।१९को अनुमान |
|---|---|---|---|---|
| १ | भन्सार | ३,३५,०० | ३,४४,०० | ३,८५,०० |
| २ | मालपोत | २,८३,७२ | २,००,०० | २,३८,०० |
| ३ | अन्त:शुल्क | ६४,०७ | ६०,०० | ६५,०० |
| ४ | मनोरंजन अन्य कर | २८,७५ | ६,०० | १८,१५ |
| ५ | वन | १,५५,६५ | १,२०,०० | १,४७,३० |
| ६ | रजिष्ट्रेशन | १५,८० | १३,०० | १२,०० |
| ७ | दण्ड जरीवाना | ३४,३८ | ६,०० | १०,०० |
| ८ | रोड्शेष | १५,०० | २३,०० | १८,०० |
| ९ | पानी | २,२७ | २,०० | २,०० |
| १० | रेल्वे | ३५,०० | २०,०० | २५,०० |
| ११ | रोप्वे | १२,०० | ४,०० | ५,०० |
| १२ | हुलाक | १८,५० | ६,०० | १६,०० |
| १३ | टेलिफोन | ४,०० | २,०० | २,०० |
| १४ | आकाशवाणी | ४,०६ | १,०० | १,०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १५ | बिजुली | १०,३६ | ७,०० | ७,४० |
| | खाद्य | ६०,१३ | ५०,०० | — |
| १६ | सरकारी कर्पोरेशन तथा विकास समितिहरूबाट | ७,९६ | ४,०० | ९६ |
| १७ | सरकारी लगानी र व्यापारबाट | १८,४६ | १७,०० | १४,८२ |
| १८ | विविध | ८१,४१ | ८०,०० | २६,६६ |
| | | ११,८६,५२ | ९,७४,०० | |
| | कुल जम्मा | | | ९,९७,०२ |
| | गत सालको मौज्दात हुन आउने अनुमान | | | ७५,०० |
| | जम्मा– | | | १,०७,२०२ |

## अनुसूची १ ख

### २०१८।१९ को साधारण व्यय अनुमान

ने. रु. हजारमा

| सि. नं. | शीर्षक | २०१७।१८को व्यय अनुमान | २०१७।१८को संशोधित व्यय अनुमान | २०१८।१९को व्यय अनुमान |
|---|---|---|---|---|
| १ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६३,५७ | ६३,५७ | ५७,४० |
| २ | राष्ट्रिय परिषद् | — | — | ४४ |
| ३ | न्याय | ३४,३७ | २७,७२ | ३३,२२ |
| ४ | महालेखा परीक्षक | १,६० | १,३८ | ३,६९ |
| ५ | निर्वाचन आयोग | १,४२ | १,१३ | १२ |
| ६ | लोक सेवा आयोग | १,३२ | १,३२ | १,४४ |
| ७ | श्री ५ को सरकारको सचिवालय | ४२,४२ | ४२,०० | ३३,८० |
| ८ | मन्त्री परिषद् | ८,८३ | ८,४० | ७,६३ |
| ९ | एकाउण्टिङ्ग अफिस | ८,८० | ६,०० | ५,६२ |
| १० | भन्सार | १८,२१ | १३,२७ | १५,८० |
| ११ | अन्तःशुल्क | १,०२ | ४० | ५० |
| १२ | कर व्यवस्था | २,२८ | १,४४ | २,३७ |
| १३ | मालपोत | ५२,३५ | ४६,०० | ४५,७९ |

352

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १४ | सर्भे | – | – | ७२ |
| १५ | भूमि सुधार | – | – | ६६ |
| १६ | तथ्याङ्क | – | – | १,१४ |
| १७ | टक्सार | १२,११ | १०,५० | ६,७५ |
| १८ | सञ्चय कोष | – | ६७ | ६२ |
| १९ | शिक्षा | ४०,७३ | ३८,०० | ५०,२५ |
| २० | म्यूजियम | ६८ | ५२ | ८५ |
| २१ | पुरातत्त्व | २,६६ | १,७५ | १,५० |
| २२ | चिडियाखाना | १,९८ | १,७४ | १,८२ |
| २३ | स्वास्थ्य | २१,६८ | २१,५० | २४,३४ |
| २४ | बिजुली | १६,७४ | १६,०० | ८,९८ |
| २५ | नहर खानेपानी | ५,९८ | ४,०० | ८,४३ |
| २६ | खाद्य | ६२,७५ | ६०,०० | ११,२६ |
| २७ | कृषि | ५,२६ | ४,५० | ५,२४ |
| २८ | वन | ११,४१ | ११,४१ | ४०,९७ |
| २९ | सहकारी | – | – | १८ |
| ३० | खानी | – | – | ८० |
| ३१ | वाणिज्य | १४,३७ | १३,९८ | ३,७९ |
| ३२ | उद्योग | १,३४ | ९५ | १६,८९ |
| ३३ | ग्राम विकास | – | – | २६ |
| ३४ | राप्ती | – | – | १७ |
| ३५ | यातायात | ४२,६९ | ४०,०० | २५,४४ |
| ३६ | हुलाक | १८,१० | १६,०० | २३,८४ |
| ३७ | टेलिकम्यूनिकेशन | ९,६५ | ८,५० | ८,३७ |
| ३८ | प. व. रोडस् | ४५,४१ | ४५,०० | १६,३१ |
| ३९ | प. व. बिल्डिङ्गस् | ४०,४३ | ४०,०० | १८,१३ |
| ४० | प्रचार | ३,७४ | ३,७० | ९,६८ |
| ४१ | रेडियो | १,६२ | १,२४ | २,७३ |
| ४२ | जिल्ला प्रशासन | २९,३५ | २७,५० | २९,३८ |
| ४३ | पुलिस | १,०५,५२ | १,०१,०० | १,०६,५८ |
| ४४ | जेल | १६,९८ | १५,०० | १६,२२ |
| ४५ | वैदेशिक कूटनैतिक | ६२,५५ | ६२,५५ | ४९,३४ |
| ४६ | रक्षा | १,७४,१८ | १,६८,०० | १,७५,१६ |

३५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४७ | स्वायत्त शासन | १६,६६ | १४,०० | १०,५८ |
| ४८ | एटर्नी जनरल | — | — | ३,८६ |
| ४९ | पेन्सन भत्ता | १८,९० | १२,०० | २२,०० |
| ५० | मुआवजा | ८६,१८ | ३२,०० | १५,७५ |
| ५१ | पुनः मतदान माग्ने | १२,०० | १२,०० | १५,०० |
| ५२ | विविध | १,१४,१८ | १,००,०० | १,८८,०० |
| ५३ | आकस्मिक कोष सोधभर्ना | ६,०० | ४,०० | २१,०० |
| | | १२,४१,०५ | ११,००,६४ | ११,५३,८४ |

## अनुसूचि २

### २०१८।१९ को विकास व्यय अनुमान

ने. रु. हजारमा

| सि. नं. | शीर्षक | २०१७।१८को व्यय अनुमान | २०१७।१८को संशोधित व्यय अनुमान | २०१८।१९को अनुमान व्यय |
|---|---|---|---|---|
| १ | ग्राम विकास | १,७१,५४ | ६२,२० | १,६६,४४ |
| २ | कृषि | ९२,३७ | २२,९९ | ८३,१३ |
| ३ | सर्भे | ५६,५० | ३७,२५ | २४,४९ |
| ४ | सहकारी | २२,१२ | ३,२६ | १६,४८ |
| ५ | नहर खानेपानी | २,००,३५ | ४२,१६ | १,९३,५९ |
| ६ | वन | ८३,२५ | २०,०० | ३५,४० |
| ७ | सडक | ३,४१,६६ | १,४२,४७ | ३,६६,७४ |
| ८ | रोपवे | १,०२,२० | १,०२,२० | १७,१५ |
| ९ | रेल्वे | ११,११ | १०,५४ | ११,०० |
| १० | हवाई | ५६,५० | ४,९९ | १,०१,७५ |
| ११ | हुलाक | ५,८० | ५,८० | ३,७२ |
| १२ | टेलिकम्यूनिकेशन | ६८,६२ | ६५,०० | १०,६० |
| १३ | बिजुली | ३,३६,४१ | १,०३,७७ | २,४३,०४ |
| १४ | उद्योग | २,८४,८६ | ४४,४५ | १,६४,०० |
| १५ | खानी | २८,९२ | ६,६६ | १८,४४ |
| १६ | टुरिजम | ७,०० | १,८६ | ५,३५ |

३९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १७ | राप्ती | २१,४० | ५,६७ | १०,४७ |
| १८ | निर्माण | ४३,८७ | १४,८० | ४२,७३ |
| १९ | स्वास्थ्य | १,८०,८१ | ३६,८६ | १,१७,२२ |
| २० | शिक्षा | २,८९,०४ | ४६,५६ | १,२६,४३ |
| २१ | स्थानीय विकास | ६३,३६ | १६,३३ | ४१,०० |
| २२ | इञ्जिनियरिङ्ग स्कूल | ५,१८ | ३,१५ | ८,३३ |
| २३ | तथ्याङ्क | ४८,२० | १२,७५ | २५,०० |
| २४ | प्रचार प्रसार | २३,९५ | ३,७८ | १४,४२ |
| २५ | पञ्चायत | २५,०० | २५ | ११,२५ |
| २६ | विविध | २८,८० | १५,०० | २५,६१ |
| | | २५,९८,८२ | ८,३३,७५ | १८,८९,७८ |

## अनुसूचि ३

### कर सम्बन्धी प्रस्तावहरू

१। शहरी क्षेत्रको घर र विदेशी लगानीमा कर

| घर जग्गा र विदेशी लगानीको मूल्य | करको दर प्रति हजार ने.रु.मा |
|---|---|
| पहिलो ने.रु. ५०,००० | केही नलाग्ने |
| त्यसपछि ने.रु. १०,००० | ने.रु. १ |
| " ने.रु. १०,००० | ने.रु. २ |
| " ने.रु. १०,००० | ने.रु. ३ |
| " ने.रु. १०,००० | ने.रु. ४ |
| " ने.रु. १०,००० | ने.रु. ५ |
| " ने.रु. १०,००० | ने.रु. ६ |
| " जतिसुकैमा पनि | ने.रु. ७ |

बहालमा दिएको घरमा माथि उल्लेख गरिएको देहायमा ५० प्रतिशत बढी कर लाग्नेछ ।

२। मालपोतमा थप कर

| जग्गावालाले दिने नगदी जम्मा मालपोत | जग्गाको करको दर प्रति रुपैयां मालपोतमा |
|---|---|
| पहिलो ने.रु. ५०० मा | केही नलाग्ने |

332

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| त्यसपछिको ने.रु. ५०० मा | --।२५ |
| " " " १००० मा | --।५० |
| " " " १००० मा | १।-- |
| " " " जतिसुकैमा पनि | १।-- |

### ३। मालपोतमा सरदर बृद्धि

प्रचलित मालपोतको दरमा तराई क्षेत्रको निम्ति २५ प्रतिशतको दरले र पहाडी क्षेत्रमा १० प्रतिशतको दरले बृद्धि गरिएको छ ।

### ४। रजिष्ट्रेशन दस्तूरमा बृद्धि

रजिष्ट्रेशन दस्तूरको दर निम्नलिखित बमोजिम कायम गरिएको छ

| जम्मा रकम ने.रु. मा | फार्स्या राजीनामा | बण्डापत्र | बकसपत्र | धीतो बन्धक | शेष पछिको बक्स |
|---|---|---|---|---|---|
| १०० सम्मको कागज | ३।-- | ३।५० | ४।-- | २।-- | ३।-- |
| १०१ देखि २५० सम्म | ६।-- | ७।-- | ८।-- | ४।५० | ६।५० |
| २५१ देखि ५०० सम्म | ८।-- | १०।-- | १५।-- | ६।५० | ८।५० |
| ५०१ देखि १,००० सम्म | १४।-- | १५।-- | २५।-- | ८।-- | १८।-- |
| १,००० देखि १०,००० सम्म प्रति हजार | ६।-- | ७।-- | १५।-- | ३।५० | ७।५० |
| १०,००१ देखि ५०,००० सम्म प्रति हजार | ७।-- | ८।-- | १६।-- | ४।-- | ८।५० |
| ५०,००१ देखि माथि जतिसुकै प्रति हजार | ८।-- | ९।-- | १८।-- | ५।५० | १०।-- |
| बिगो नखुलेकोलाई | २००।-- | २५०।-- | ३००।-- | ५०।-- | २६०।-- |
| अड्डालाई घरमा बोलाई कागज पास गर्नु पर्नेमा | ५०।-- | ५०।-- | ५०।-- | ५०।-- | ५०।-- |

### ५। भन्सार महसूल दरबन्दी

भन्सार दरबन्दी अनुसूचि १,२,३ र ४ बमोजिम साबिकको निकासी पैठारी दरबन्दीमा आवश्यक संशोधन गरी नयां दरबन्दी कायम गरिएको छ।

### ६। अन्तःशुल्क महसूल

क। सलाई

| | |
|---|---|
| ४० कांटी भएको बट्टामा प्रति ग्रुस | ने.रु. २।८० |
| ४१ देखि ५० सम्मको बट्टामा " | ने.रु. ३।६० |
| ५१ देखि ६० सम्मको बट्टामा " | ने.रु. ४।५० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस बाहेकमा प्रति हजार कांटीमा — ने.रु. –।५०

ख। चुरोट प्रति हजार चुरोटमा — ने.रु. –।६

ग। चिनी र मिश्री प्रति मन — ने.रु. ३।५०

घ। मदिराहरूमा मूल्यको ६० प्रतिशत अन्तःशुल्क लागेको छ ।

ङ। कपडा प्रति गज — ने.रु. –।२

७। हवाई उडान कर

नेपालको हवाई अड्डाबाट विदेशमा उडान गर्दा प्रति यात्रु — ने.रु. ५।–

८। पानी पोत

काठमाडौं उपत्यका र पहाडी क्षेत्रमा प्रति रोपनी — ने.रु. १।–

तराई क्षेत्रमा प्रति बिगाहा — ने.रु. १३।–

९। होटेल कर

होटेलमा बसेको ग्राहकको खर्चको १० प्रतिशत कर लाग्नेछ ।

आज्ञाले,
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारका सचिव
अर्थ, आर्थिक कार्य विषय मन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित ।

३९६

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

38C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।